नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१५३६५९०८

बबरमहल,
काठमाडौं, नेपाल।

मितिः २०८१/०१/२७
ने.सं. ११४४ बछलाथ्व १, विहीबार

## प्रेस विज्ञप्ति

मिति २०८१/०१/२३ र २०८१/०१/२४ गतेका दिन जिल्ला प्रशासन कार्यालय, काठमाडौं र औषधि व्यवस्था विभागको संयुक्त निरिक्षण तथा अनुगमन टोलीले जिल्ला स्थित ३ वटा अस्पताल फार्मेसी र ४ वटा अस्पताल आसपासमा रहेका फार्मेसीहरुको अनुगमन गरेको छ। अनुगमन गरिएका अस्पताल फार्मेसीहरुमा ओम हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.को परिसर भित्र रहेको बिभुविस्त्रा फार्मेसी प्रा.लि., कलंकीस्थित सहिद मेमोरियल अस्पताल फार्मेसी र बल्खुस्थित बयोधा हस्पिटल फार्मेसी प्रा.लिं. रहेका छन्।यसैगरी ओम हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि. आसपासमा संचालित फार्मेसीहरुमा ओमतारा फार्मेसी, अमन फार्मेसी, कलश फार्मेसी र मिरोन फार्मेसी रहेका छन्।

अनुगमन गर्दा ओम हस्पिटल भित्र संचालित बिभु विस्त्रा फार्मेसी प्रां.लि. ले अस्पताल फार्मेसी निर्देशिका २०८० बमोजिम अस्पताल फार्मेसी संचालन नगरेको पाइयो। उक्त फार्मेसीले लागु तथा मनोदिपक औषधिको रेकर्ड दुरुस्त नराखेको पाइयो। यसैगरी बल्खुस्थित बयोधा हस्पिटल फार्मेसी प्रा.लि. र कंलकीस्थित सहिद मेमोरियल अस्पताल फार्मेसीमा अनुगमन गर्दा 2-8°C तापक्रममा संचय गर्नु पर्ने औषधि तथा भ्याक्सिनहरु उक्त तापक्रममा संचय नगरेको पाइयो। सबै अस्पताल फार्मेसीहरु र केही अस्पताल आसपासका फार्मेसीहरुमा औषधी व्यवस्था विभागद्धारा उत्पादन, संचय, बिक्री वितरण तथा सिफारिस गर्न नहुने भनी रोक लगाइएका प्रतिजैविक औषधिहरुको समिश्रण (not recommended antibiotics) को सिफारीस, संचय एवं विक्री वितरण गरेको पाइयो। अनुगमनका क्रममा भेटिएका सबै खाद्यपुरक सामाग्री र रोक लगाइएका प्रतिजैविक औषधिका सम्मिश्रणहरु औषधि व्यवस्था विभागद्वारा जफत गरिएको छ। कैफियत देखिएका फार्मेसी/व्यवसायीलाई विभागमा २४ घण्टा देखि ३ दिनभित्र उपस्थित हुनको लागि निर्देशन समेत दिइएको छ। अनगुमन गरिएका फार्मेसीहरुमध्ये चावहिलस्थित अमन फार्मेसी मात्र मापदण्ड अनुरुप सञ्चालनमा रहेको पाइयो।